जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.चि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ३९ अंक ३१ २०७७ साल फागुन १६ गते आइतवार (28 Feb 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जवर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : नेपालमा दन्त स्वास्थ्यको ... पृष्ठ ३ मा : हरेक नागरिकलाई वितरण ... पृष्ठ ४ मा : संसद पुर्नस्थापना भएको ... पृष्ठ ५ मा : कोभिडबाट बच्न सरसफाइ ...

## चन्द समूहका जनसत्ता प्रमुखसहित तीन नेता पक्राउ





**राजविराज**/सप्तरी प्रहरीले प्रतिबन्धित दल नेत्र विक्रम चन्द समूहका सप्तरी जनसत्ता प्रमुखसहित तीन जनालाई पक्राउ गरेको छ।

गोप्य सूचनाका आधारमा जिल्लाको विभिन्न स्थानमा छापामारि शुक्रबार साँझ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन्।

पक्राउ पर्नेमा चन्द समूहका सप्तरी जनसत्ता प्रमुख सप्तरीको सडक नगरपालिका ३ बनरझुला टोल बस्ने ५२ वर्षिय आर्दश उपनामका रामनाथ मण्डल छन्।

यस्तै पक्राउ पर्ने अन्यहरुमा चन्द समूहका सप्तरी-सिरहा जिल्ला कार्यसमिति सदस्य राजविराज नगरपालिका ४ निवासी उदय भनिने उदयनारायण मण्डल र विष्णुपुर गाउँपालिका १ निवासी २५ वर्षिय रामकृष्ण मण्डल छन्।

विभिन्न व्यक्तिलाई फोन गरि चन्दाका लागि धम्क्याउने समेत गरेको सूचनापछि उनीहरुमाथी निगरानी बढाइएको र सोही क्रममा पक्राउ गरिएको डिएसपी साहको भनाई छ।

पक्राउ परेकाहरुका साथबाट तीन थान मोबाइल, आर्थिक सहयोग माग गर्न धम्कीपूर्ण भाषामा लेखिएर तयार गरिएको पत्रहरु, अखिल नेपाल महिला संघ क्रान्तिकारी र यूवा संगठन नेपाल लेखिएको लेटर प्याड तथा साधारण सदस्यता रसिदको ठेलीका साथै विभिन्न पुस्तकलगायतका पनि बरामद गरिएको जानकारी दिँदै डिएसपी साहले पक्राउ परेकाहरुमाथी थप अनुसन्धान भइरहेको बताए।

## रहेनन् कुबेर शर्मा



**राजविराज**/नेपालको पहिलो चार्टड एकाउटेन्ट तथा पूर्व पर्यटनमन्त्री कुबेरप्रसाद शर्माको ८१ वर्षको उमेरमा शुक्रबार साँझ निधन भएको छ।

सप्तरीको राजगढ गाउँपालिकास्थित नर्घो निवासी शर्माको हृदयघातबाट काठमाडौंमा उपचारका क्रममा निधन भएको हो।

सप्तरीको निर्वाचन क्षेत्र नम्बर ४ बाट २०४८ सालमा नेपाली काँग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

२०६२/६३ मा राजा ज्ञानेन्द्रले गठन गरेको मन्त्रिपरिषद्मा उनी पर्यटन मन्त्री बनेका थिए।

उनी नेपाली काँग्रेसबाट

*बाँकी अन्तिम पृष्ठमा*

## गरिबीका कारण उपचार गराउन नसेकी निरसीलाई सहयोग जुट्दै



**राजविराज**/राजविराज नगरपालिका १० दिघवाकी २५ वर्षिया निरसी खंगलाई उपचार खर्च जुटाउन समस्या परेको बेला अहिले उनलाई आर्थिक सहयोग गर्न सहयोगी हातहरु बढिरहेको छ।

शनिवार जनता समाजवादी पार्टी नेपालका युवा नेता एवम् युवा सशक्तिकरण संघ नेपाल सप्तरीका अध्यक्ष किशोर कुमार यादव केसीले अस्पतालमै पुगेर ३ हजार १ सय रुपैयाँ सहयोग उपलब्ध गराएका छन्।

गरिबीका कारण उपचार खर्च जुटाउन नसक्दा जिवनमरणको दोसाधमा रहेकी निरसी गत माघ १३ गते चिसो छल्न बालिएको घुरबाट सल्केको आगोले जलेर गम्भिर घाइते भएकी छिन्। उनको हाल राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ।

ऐलानी जग्गामा बसोवास गर्दै आएका चार वर्षिय छोरीकी आमा खंग मजदुरी गरेर गुजारा चलाउँदै आएकी थिइन्। पति राजाराम पनि अर्काको घर र खेतमा काम गर्दै आएका थिए। तर, विगत एक महिनादेखी पत्नि अस्पतालमा धर्ना भएपछि रेखदेखमै खटिनु परेकाले राजारामको पनि आम्दानीको सबै बाटो बन्द भएको छ।

यसअघि बिहीबार बालाजी डेन्टल केयर प्रालिका निर्देशक विवेक झा र सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झाले अस्पतालमै पुगि १ हजार १ सयका दरले, पार्थो सरकारले १ हजार १ सय, नन्द किशोर गुप्ताले ५ सय, रामकृष्ण रजक तथा ओमप्रकाश यादवले १/१ सय आर्थिक सहयोग प्रदान गरेका थिए।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# आइसियु र भेन्टिलेटरको अभावमा बिरामी रेफर हुने प्रबृतीप्रति पुगोस्

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल अहिले सुधारोन्मुख अवस्थामा रहेको छ। यस अस्पतालमा विगतमा धेरै कमिकमजोरीहरु रहेका थिए। तर, हाल सिटी स्क्यान सेवा सूचारु भइसकेको छ। विगत भन्दा अहिले वर्तमान समयमा अस्पतालमा दक्ष जनशक्ति समेत आएका छन्। जसकारण कुनै जटिल प्रकृतीका बिरामी बाहेक अन्य बिरामीहरु उपचार यहाँ अहिले सम्भव छ। लामो प्रयासपछि अस्पतालले आफ्नो छवीलाई सुधार गर्दै लगेको छ। तर, अहिले पनि अस्पतालमा आइसियु र भेन्टिलेटर रहेको छैन्। जसकारण बिरामीलाई धरान र बिराटनगर बाध्य भएर जानु परेको अवस्था अथावतै छ।

कोरोना महामारीको समयमा सबै भन्दा बढी आवश्यक आइसियु र भेन्टिलेटर कै हुनेगर्दछ। भाइरस संक्रमित सामान्य बिरामी आइसोलेशनबाटै निको हुन्छन् भने केही गम्भिर प्रकृतिका बिरामीलाई आइसियु र भेन्टिलेटरमा राख्नु पर्ने हुन्छ। सोको व्यवस्था नहुँदा त्यस्ता बिरामीलाई रेफर गर्नु पर्ने अवस्था सृजना हुन्छ। जसकारण बिरामीको बाटोमै ज्यान जाने सम्भावना पनि उत्तिकै छ। यता अस्पतालमा चार वटा भेन्टिलेटर रहेपनि जडान हुन सकेको छैन्।

तसर्थ सम्बन्धीत निकायहरुले उपलब्ध उपकरणहरुलाई जडान गरि जनशक्तिको परिपूर्ती गरेर बिरामीलाई सेवा दिन तत्परता देखाउनु अस्पताल प्रशासनले तदारुकता देखाउनु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा दन्त स्वास्थ्यको अवस्था



**डा पुष्कर काफ्ले**

नेपाल एक विकासोन्मुख मुलुक हो। त्यसैले सबै क्षेत्रमा जस्तै शिक्षामा पनि त्यसै अनुरुपको क्रमिक विकास हुँदै गएको देखिन्छ। यसकै कारणले नेपालमा समान रुपमा विकासका अवयवहरु सञ्चालन हुन सकेका छैनन्।

शिक्षा, स्वास्थ्य, विकास, रोजगारी जस्ता विषय सहरमा मात्र केन्द्रित हुँदा गाउँका दूरदराज र विपन्न वर्गमा सही किसिमले विकास र चेतनास्तर उन्नत बन्न सकेको देखिँदैन। यसमा राज्यको दृष्टि नपुग्नु देशकै लागि बिडम्वना मान्न सकिन्छ। जसको फलस्वरुप समाजमा एलिट वर्गले तिनै सुविधाबाट विमुख बनिरहेका व्यक्तिको मनोभावनासँग खेल्ने मौका पाइरहेका छन्। यस्ता विचौलिया ग्रामीण क्षेत्रमा सल्बलाउनुलाई देशको स्वास्थ्य क्षेत्रको बिडम्वनाका रुपमा लिन सकिन्छ।

सामान्य जानकारी अझै धेरै हानिकारक हुन्छ भन्ने उखान जस्तै अल्पज्ञानले पनि समस्या निम्त्याउन सक्छ। यो विषय आफैंमा वृहत भएकाले यसमा संग्लन हुने जनशक्तिले ज्ञान र सिपको दायरालाई बढाउनुपर्ने नै हुन्छ तर नेपालमा यसलाई व्यावसायिक रुपमा अँगाल्दा धेरैले दन्त उपचार लिँदा दुःख पाएको समेत हामीले देख्दै आएका छौं। यसर्थ सीमित ज्ञानलाई तिखार्दै अगाडि बढ्न आवश्यक छ।

गाउँका कुना काप्चामा पुगी डाक्टर पद पाएकाहरु त्यहाँ आउन नखोज्ने भनी ब्ल्याकमेल गर्ने र उपचारमा गलत पद्धति समेत केहीले अपनाउँदै आएका छन्। सीमित ज्ञान-सिपकै भरमा हामी जानकार व्यक्तिले उपचार नदिए कसले यी गाउँले दूरदराजमा रहेका व्यक्तिलाई उपचार दिने भन्दै छाती चौडा बनाएर सेवामा तत्परता देखाउनु राज्यकै लागि बिडम्वनाको विषय हो।

दन्त स्वास्थ्य क्षेत्रमा नेपालमा ५ तहका शिक्षा पद्धति अबलम्वन भएको पाइन्छ। जसमा ६ महिने दन्त चियर डाइड असिस्टेन्ट, जुन प्राइभेट हस्पिटलले ६ महिनाको परीक्षणपछि प्रमाणपत्र प्रदान गर्ने गर्छन्। त्यस्तै, १५ महिने डेन्टल टेक्निसियन र ३ वर्षे दन्त सहायक डेन्टल हाइजिनिस्ट जसमा १५ महिने फेजआउट भएको छ। जुन सिटिइभिटी मातहतका प्राविधिक शिक्षण विधि अन्तर्गत पर्छन्।

त्यस्तै, स्नातक तहको ५ वर्ष ६ महिना जुन प्लस टु बायोलोजी पृष्ठभूमिबाट आएका स्नातक तहको शिक्षण विधि जसमा त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय मातहतमा रही दन्त चिकित्सकको रुपमा अध्ययन गराइन्छ। त्यस्तै सिटिइभिटी अन्तर्गत रही ३ वर्षे प्रमाणपत्र तहको अध्ययनपश्चात् प्लस टु सरहको मान्यता प्राप्त गरी आफू शैक्षिक योग्यताको आधारमा ३ वर्षपश्चात् स्नातक तहको अध्ययन गर्न त्रिभुवन विश्वविद्यालय मातहतका शिक्षण संस्थामा मात्र अध्ययन गर्न सकिन्छ। बिडिएस अर्थात् व्याचलर इन डेन्टल सर्जरी कोर्समा पछि ३ वर्षे एमडिएस, मास्टर्स इन डेन्टल सर्जरीको अध्ययन जुन विशेषज्ञ डेन्टल डाक्टरको रुपमा सेवा प्रदान गर्ने शिक्षण विधि हो।

नेपाल बाहेक अन्य देशमा ती जनशक्तिको लागि आफ्नै किसिमका कोर्स पाठ्यक्रम तयार गरी स्वीकृत मापदन्डमा रही कार्यविभाजन गरेको पाइन्छ। हुन त नेपालमा पनि यसका आफ्नै दायरा र मापदण्ड नबनेका होइनन् तर राज्यको उचित निगरानी नहुनु र नेपाली जनमानसमा चेतनाको पहुँच नपुग्नु आदि कारणले गर्दा कुन जनशक्तिले कहाँ, कसरी सेवा दिने अन्योल रहेको पाइन्छ।

नेपालमा यी विभिन्न तहबीच आपसी समझदारी हुन नपाउँदा बिरामीले पाउने सेवा पद्धतिमा न्यायोचित सेवा पुग्न सकेको देखिँदैन। दन्त उपचार सहरी क्षेत्रका सचेत र जानकार व्यक्तिले मात्र पाउँदै आएका छन्। ग्रामीण क्षेत्रमा अन्य प्रमाणपत्र तहभन्दा तल्लो जनशक्तिबाट गरिने डाक्टरी उपचार लिन बाध्यता रहेको पाइन्छ। जसले आम मानिसले मुख तथा दन्त उपचारबाट अपेक्षित लाभ लिन सकेका छैनन्।

विभिन्न अर्ध जनशक्तिबाट नेपालका दाँत तथा मुखको उपचार हुने भएकाले धेरैको उपचारमा तौरतरिका नमिलेको देखिन्छ। सही तवरले ज्ञानको उपयोग गर्दै दाँतको उपचार केही लामो अवधिको समेत हुने गर्छ। त्यसैले पनि मानिसहरुमा कतिपय अवस्थामा झन्झटिलो समेत भएको सुनिँदै आएको छ।

आम जनमानसमा दाँत जति उपचार गरे पनि निको नहुने, पटकपटक जानुपर्ने, औषधिको अधिक प्रयोग र एउटा दाँतका लागि गरिने हजारौंको उपचारबाट आजित बिरामी दिक्क भएर दाँत निकालिदिनुस्, भरेको सिमेन्ट पनि २ दिनमै निस्कने, जति गर्दा पनि दुख्न नछोड्ने जस्ता समस्याबाट आजित भएपछि दाँत नै निकाल्ने अन्तिम विकल्पमा पुग्ने गरेको देखिन्छ। तर यो गम्भीर विषयमा सरोकार पक्ष बिरामी आफैं पनि सजग हुनुपर्छ।

जसको फलस्वरुप तिनमा दाँतको उपचार भनेको निकाल्नु नै हो भन्ने एक किसिमको ढुक्कको विकल्प देखापर्दै जाने देखिन्छ तर सही तवरले बुझ्ने हो भने बिरामीले उचित परामर्श र उपचार नपाउनाले यो परिस्थिति सिर्जना भएको हो।

प्रकृतिले मानिसलाई दुई पटकसम्म निःशुल्क दाँत दिने र तेस्रो विकल्पमा मात्र खर्च गर्नुपर्ने अवस्थामा पुऱ्याउने हुन्छ। त्यसैले दूधे दाँतको रुपमा आएका प्रथम दाँत बच्चा जन्मेको ६-७ महिनादेखि १२-१३ वर्षसम्म रहने र त्यसले दोस्रो पटक आउने दाँतका लागि सहज बाटो देखाउने कार्य गर्छन्। त्यसैले ६ महिनामा हामीले गर्ने भात खुवाइ पनि त्यसकै मान्यता हुनसक्छ। तिनका आफ्नै महत्व र विशेषता रहेका छन्।

दाँत आउने र झर्ने आफ्नै समय हुन्छ जसलाई नबुझ्दा हामी समस्याको भूमरीमा पर्न बाध्य हुन्छौं। त्यसपछि साटिएर आएका स्थायी दाँत जुन हाम्रो जीवनपर्यन्त रहने हुन्छन् जसका मुख स्वास्थ्य क्षेत्रमा प्रमुख भूमिका रहेको हुन्छ।

तिनका बनावट कार्य फरकफरक हुने हुनाले त्यसै बमोजिम प्रकृतिले सजावटदेखि चपाउने कार्यसम्मको लागि सिर्जना गरिएका छन्, जुन हामीले उचित परामर्शदाता (दन्त चिकित्सक) बाट मात्र पाउने छौं। त्यसैले नेपाल मेडिकल काउन्सिलबाट मान्यताप्राप्त दन्त चिकित्सकहरुबाट मात्र उपचार गराई गुणस्तरीय र सही किसिमको सेवा लिन सबै सचेत हुन जरुरी छ।

स्वास्थ्य खबरबाट

"राजविराज शहर समृद्ध-हरित नगर"
राजविराज नगरपालिका
२नं. वडा कर्यालय
राजविराज, सप्तरी.
प्रदेश नं. २. नेपाल

पत्र संख्या:२०७७।७८
चलानी नः

मिति: २०७७।११।११

विषय :- सूचना सूचना सूचना

वडा कार्यालय रा.वि.न.पा बाट जारी भएको सूचना

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी रा.वि.न.पा वार्ड नं. ९ हाल परिवर्तित वार्ड नं. २ बस्ने दिप रत्न को बुहारी तुलसी प्रसाद श्रेष्ठको छोरी स्व. कृष्ण रत्न श्रेष्ठको पत्नी विजय कुमारी श्रेष्ठ ले यस कार्यालयमा उपस्थीत भई मेरो पति कृष्ण रत्न श्रेष्ठको आफनै काल गतिले मिति २०७६।१०।१३ गते मृत्यु भएको हुदा मृतक पतिको नाउंमा कायम रहेको जग्गा तथा संगोलमा कायम रहेको जग्गाहरु मृतक को एक मात्र पत्नी म विजय कुमारी श्रेष्ठ भएको हुदा मृतक पतिको नाउमा तपसिलमा उल्लेखित जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउं भनि मिति ०७७।११।११ द.नं. २१५ को निवेदन द्वारा माग गरेको हुदां सो जग्गामा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला। अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी को लागी अनुरोध छ।

तपसिल

जि.स.रा.वि.न.पा वाड नं. ९ हाल परिवर्तित वार्ड नं. २ बस्ने कृष्णरत्न श्रेष्ठ को नाउमा कायम रहेको जग्गाहरु

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | बकधुवा | २क | ४०७ | ०-४-५ |
| " | " | " | ४८१ | ०-३-७ |
| " | " | " | ४९२ | ०-१-१८ |

जि.स. रा.वि.न.पा वार्ड नं.९ हाल परिवर्तित वार्ड नं. २ बस्ने कृष्णरत्न श्रेष्ठ समेत चार जनाको नाउमा रहेको संयुक्त जग्गाहरु

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | रा.वि.न.पा | ९ | २१७७ | ०-०-१३ |
| " | अगाडी | २क | ११० | १-११-७ |
| " | " | ,१ग | ४६ | ०-९-१३ |
| " | " | २क | ३८१ | १-५-१ |
| " | बकधुवा | " | ४७४ | ०-८-४ |
| " | " | " | ४८२ | ०-४-१२ |
| " | " | १क | ६०६ | ०-५-१० |

.................................
अरुण कुमार यादव
अध्यक्ष
रा.वि.न.पा वार्ड नं. २

# हरेक नागरिकलाई वितरण गरिने राष्ट्रिय परिचयपत्र के हो र यसबाट कसरी लाभ लिने ?

लामो समयदेखि बहसको विषय बनिरहेको राष्ट्रिय परिचयपत्र के हो त ? यो कस्तो हुन्छ ? लिने प्रकृया के हुन्छ ? व्यक्तिगत विवरणको गोपनीयता लगायतका यस्ता थुप्रै विषयमा कौतुहलता हुनु स्वभाविकै हो ।

यसै बीच सरकारले नागरिकको सम्पूर्ण जानकारी सहितको परिचयपत्र उपलब्ध गराउने तयारी गरिरहेको छ । सोहीअनुरुप हालसम्म राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले २० लाख नागरिकको तथ्याङ्क संकलन गर्ने काम सम्पन्न गरिसकेको छ ।

डेटा संकलन भएका नागरिकको हकमा कार्ड उपलब्ध गराउने योजनाका साथ विभागले कार्ड खरिद गर्ने काम अघि बढाएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक सुवास ढकालले बताएका छन् ।

'हालसम्म १८ देखी २० लाख नागरिकको डेटा संकलन भएको छ,' उनले भने, 'अब उनीहरुलाई कार्ड उपलब्ध गराउन सुरक्षा फिचर सहितको कार्ड आवश्यक भएकाले बिहीबार अन्तर्राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरिएको हो ।'

**के हो त राष्ट्रिय परिचयपत्र ?**

राष्ट्रिय परिचयपत्रलाई बुझ्न सबैभन्दा पहिला राज्यले आफ्ना नागरिकहरुलाई दिने परिचयपत्रहरुको विषयमा जान्न जरुरी छ । मुख्यतः सरकारले आफ्ना नागरिकलाई दिने परिचयपत्रपत्र दुई किसिमका हुन्छन् । ती हुन् फाउण्डेशनल आईडी र फंसनल आईडी ।

व्यक्तिको पहिचान स्थापित गर्ने फाउण्डेशनल आईडीले राज्यभीत्रका अनेक सेवा सुविधा तथा तथा प्रयोजनका लागि मान्यता पाउँछ । अहिले कायम रहेको त्यस किसिमको परिचयपत्रको रुपमा हामीले नागरिकतालाई लिन सक्छौं ।

अर्कोतर्फ फंसनल आईडी कुनै विशेष प्रयोजनका लागि मात्रै दिने गरिन्छ । उदाहरणका लागि ड्राइभिङ लाइसेन्स, प्यान कार्ड, मतदाता परिचयपत्र यस किसिमको परिचयपत्रका उदाहरण हुन् ।

नेपालमा २००९ सालदेखि राष्ट्रिय परिचयपत्रको रुपमा नागरिकताको प्रचलन सुरु भएको हो । त्यसको शुद्धताका लागि हामीले सुरुवाती समयदेखि प्रमाणीकरणको चुनौती झेल्दै आएका छौं । मानौं तपाईं-हामीले आफ्नो नागरिकता कुनै निकायमा पेश गर्‍यौं भने, त्यसलाई प्रमाणीकरण गर्ने कुनै भरपर्दो संयन्त्र छैन ।

वास्तवमा अहिलेको समयमा नागरिकताका आधारमा व्यक्तिको पहिचान गर्न निकै नै चुनौतीपूर्ण भइसकेको छ । यसै किसिमको चुनौतिको सामना गर्न र सार्वजनिक सेवा सुविधा सहज र छिटो छरितो रुपमा नागरिकलाई प्रदान गर्नके लागि राष्ट्रिय परिचयपत्र ल्याउन लागिएको हो ।

अब आउने राष्ट्रिय परिचयपत्र मूलतः सूचना प्रविधिमा आधारित हुनेछ । त्यसमा नागिरकतामा हुने व्यक्तिको जनसांखिक विवरण बाहेक अनुहार (फोटो), दश ओटै औंलाको औंठाछाप, दुई आँखाको आइरिस लगायतको व्यक्तिको जैविक विवरणका साथै विद्युतीय हस्ताक्षरको रुपमा ई-सिग्नेचर समेत राखिनेछ ।




यस किसिमको राष्ट्रिय परिचयपत्रका आधारमा कुनै पनि निकायले परिचयपत्रका आधारमा अनलाइन तथा अफलाइन दुवै रुपमा व्यक्तिको पहिचान प्रमाणित गर्न सक्नेछ । फिङ्गरप्रिन्ट लगायतका केही विवरण कार्डमै समावेश गर्ने सरकारी योजना छ ।

एक व्यक्तिको विवरण अर्को व्यक्तिसँग जुध्न नदिन विशेष किसिमको प्रविधि अपनाइने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक ढकाल बताउँछन् । अहिलेको कागजी प्रणालीमा भने यस किसिमको पद्धति संभव छैन ।

**नागरिकताको हैसियत के हुन्छ ?**

वस्तवमा अहिलेको समयमा नागरिकताको मुख्यतः दुई किसिमको महत्व छ । आधारभूत पहिचान साथै नागरिकताले व्यक्तिको राजनीतिक हैसियत समेत स्थापित गरेको छ ।

व्यक्तिको पहिचानका लागि राष्ट्रिय परिचयपत्रबाटै कायम हुने भए पनि राजनीतिक तथा नागिरकको हैसियतका लागि भने नागरिकतालाई तत्कालका लागि निरन्तरता दिने योजनामा सरकार रहेको छ ।

यसको मतलब अहिलेजस्तो आफ्नो पहिचानका लागि वा भनौं कुनै सेवा सुविधा लिने, बैंकमा खाता खोल्ने, सिमकार्ड किन्ने लगायतका प्रयोजनका लागि नागरिकता बोकिरहनुपर्ने बाध्यताको अन्त्य हुनेछ ।

यति मात्र होइन अन्य फंसनल आईडीलाई पनि राष्ट्रिय परिचयपत्रमा आवद्ध गराउने गराउने र विभिन्न प्रयोजनका लागि छुट्टाछुट्टै परिचयपत्र बोकिरहनुपर्ने झन्झटको समेत क्रमशः अन्त्य गर्ने गरी यसको डिजाइन गरिएको छ ।

**यस्तो हुनेछ राष्ट्रिय परिचयपत्र**

कार्यान्वयनको चरणमा रहेको राष्ट्रिय परिचयपत्र दश अंकको हुनेछ । तर, कुनै व्यक्तिको राष्ट्रिय परिचयपत्रको नम्बर थाहा पाउँदैमा सो व्यक्तिको अन्य विवरण भने थाहा पाउन नसकिने गरी यसमा सेक्युरिटी फिचरहरु राखिने बताइएको छ ।

हरेक व्यक्तिको जनसांखिक विवरण र बायोमेट्रिक विवरण नेशनल आईडेन्टिटी रजिस्ट्रि (एनआईआर) मा केन्द्रीकृत रुपमा रहने निर्देशक ढकालले जानकारी दिए ।

राष्ट्रिय परिचयपत्रमा नागरिकतामा जस्तै व्यक्तिका जनसांखिक विवरण राखिनेछ । ती विवरणहरु परिचयपत्र भित्रको चिपमा राखिनेछ । त्यसका साथै व्यक्तिको डिजिटल फोटो र फिंगरप्रिन्ट समेत समावेश हुने राष्ट्रिय परिचयपत्रमा नागरिकता नम्बर, जारी मिति लगायतको विवरण पनि रहनेछ ।

त्यसले गर्दा वर्षौं पुरानो फोटोको आधारमा मात्रै व्यक्तिको पहिचान प्रमाणीकरण गर्नुपर्ने अहिलेको अवस्थाको अन्त्य हुने अपेक्षा गरिएको छ । 'अहिलेको नागरिकतामा जस्तो अनुहार मिल्ने, केही वर्षपछि व्यक्तिको अनुहार परिवर्तन हुने हुँदा झुक्याउने सम्भावना यसमा रहँदैन,' ढकाल भन्छन् ।

परिकल्पना गरिए अनुसार घरमै बसेर अनलाइनबाट आफ्नो परिचय प्रमाणीकरण गराएर कुनै पनि सेवा सुविधाका लागि आवेदन दिन सकिनेछ । राष्ट्रिय परिचयपत्र र ई-पेमेन्टको सुविधा हुने वित्तिकै सबै सरकारी भुक्तानी अनलाइनबाटै गर्न सकिनेछ ।

यस्तो अवस्थामा कुनै कुनै सेवा लिन सरकारी कार्यालयमा जानै नपर्ने अपेक्षा गर्न सकिन्छ । यसको मतलब कुनै व्यक्तिको पहिचान पुष्ट गर्न भौतिक रुपमै अनिवार्य रुपमा उपस्थित हुनुपर्ने अवस्थाको अन्त्य हुनेछ । जानै पर्ने अवस्थामा समेत अहिलेको तुलनामा धेरै नै सहज हुनेछ ।

अहिले नागरिकता हराउँदा, च्यातिदा वा नष्ट हुँदाको जस्तो झन्जट समेत हट्नेछ । न त पुनः नागरिकता बनाउने जस्तो झन्झटिलो प्रक्रिया पार गर्नुपर्ने अवस्था नै यसमा रहन्छ । राष्ट्रिय परिचयपत्र हराउँदा समेत पाँच मिनेटमै तयार गर्न सकिने ढकाल बताउँछन् ।

अहिलेको अवस्थामा पहिचानको कमजोरीका कारण ठगी र किर्तेको समस्या निकै व्यापक छ । एउटाको नागरिकतामा बैंकबाट ऋण नै लिइदिने, कम्पनी नै दर्ता गरिदिने सम्मका घटनाहरु तपाई हामीले सुनिरहेकै छौं । त्यस किसिमको अवस्थाको समेत अन्त्य हुनेछ ।

राष्ट्रिय परिचयपत्रका आधारमा अनलाइन कारोबारको सीमा समेत बढाउन सकिने ढकाल बताउँछन् । 'सम्बन्धित व्यक्तिको पहिचान अनलाइनमार्फत नै सुनिश्चित हुने अवस्थामा करोडौं रुपैयाँको कारोबार समेत अनलाइनबाटै गर्न सकिने अवस्था रहन्छ,' उनी भन्छन्, 'अहिले व्यक्तिको पहिचान गर्ने त्यति भरपर्दो संयन्त्र नभएकै कारण जोखिम कम गर्न कारोबारको सीमा कम राखिएको हो । यसले बैंकिङ क्षेत्रको लागत र जोखिम दुबै कम गर्न सघाउ पुऱ्याउनेछ ।'

**यस्तो छ, राष्ट्रिय परिचयपत्र पाउने आधार**

सरकारले सुरुवाती चरणमा नेपाली नागरिकता भएका व्यक्तिहरुलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने योजना बनाएको छ । त्यसपछि भने कानूनअनुसार नेपाली नागरिकता पाउन योग्य भएका व्यक्तिले नागरिकता नभए पनि यो परिचयपत्र पाउनेछन् ।

नागरिकता लिन १६ वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था छ । तर, राष्ट्रिय परिचयपत्र भने त्यसभन्दा कम उमेरका बालबालिकाले समेत पाउने बताइएको छ । यद्यपि, बायोमेट्रिक विवरण भने १६ वर्ष पुगेपछि मात्रै लिइने निर्देशक ढकालको भनाई छ ।

६ महिना वा त्यसभन्दा लामो समय नेपाल बस्ने विदेशी नागरिकले समेत राष्ट्रिय परिचयपत्र पाउन सक्ने बताइएको छ । तर, कार्ड वितरण गर्ने प्रणाली एउटै भए पनि नेपाली नागरिकले पाउने भन्दा विदेशीले पाउने परिचयपत्रको हैसियत भने फरक हुनेछ ।

**व्यक्तिगत गोपनीयता के हुन्छ ?**

एकछिन् सम्झिनुहोस् त तपाईंको नागरिकताको प्रतिलिपि कति ठाउँमा होला ? कसैले त्यसको दुरुपयोग गरेको भए पनि त्यसको जानकारी पाउन सम्भव छ ? पक्कै पनि तपाईंलाई लागि यी प्रश्नको जवाफ सहज र प्रिय लाग्ने छैन ।

तर राष्ट्रिय परिचयपत्रमा विशेष किसिमको सेक्युरिटी फिचर राखिएको छ । यसमा राखिएको विवरण यदी कसैले हेरेको खण्डमा समेत त्यसको 'लग' बस्छ ।

वेबसाइटमा लगइन गरेर एक वर्षसम्मको क-कसले, किन र कहाँ आफ्नो विवरण हेरियो भन्ने कुराको सम्पूर्ण जानकारी तपाईंले पाउन सक्नेगरी प्रविधिको विकास गर्ने काम भइरहेको छ ।

मालपोत, भुमिसुधार,

बाँकी चार पृष्ठमा

**खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध**

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# संसद पुर्नस्थापना भएको खुशियालीमा जुलुस तथा दिप प्रज्जवलन






**राजविराज**/जनता समाजवादी पार्टी नेपाल सप्तरीले प्रतिनिधिसभा पुर्नस्थापना भएको खुशियालीमा बुधबार राजविराजमा बिजयी जुलुस निकाल्दै जुलुसका सहभागिहरुले एकआपसमा रंग अबिर समेत दलेका थिए ।

सर्वोच्च अदालतको फैसलाले जनताको जित भएको भन्दै उल्लसाका साथ निकालिएको जुलुसमा प्रधानमन्त्री केपी ओलीको राजिनामा माग समेत गरिएको छ ।

नगर परिक्रमापछि जनआन्दोलन चौकमा पुगेर आयोजित सभामा राष्ट्रियसभाका सदस्य तथा जनता समाजवादी पार्टीका नेता मृगेन्द्र कुमार सिंह यादवले प्रधानमन्त्रीले चालेको असंबैधानिक कदमलाई अदालतले उल्टाइदिएपछि लोकतन्त्रको रक्षा भएको र मुलुक सम्भावित दुर्घटनाबाट जोगिएको बताए ।

त्यस्तै कार्यक्रममा सोही पार्टीकी नेतृ रेणु यादवले अदालतको फैसलाले विधीको शासन स्थापना भएको भन्दै सोहीको खुशियालीमा बिजयी जुलुस निकालिएको बताईन् ।

जसपा नेता सुनिल झाको अध्यक्षतामा आयोजित सभालाई प्रतिनिधिसभा सदस्य चन्द्रकान्त चौधरी, प्रदेशसभा सदस्य मनिष सुमन, केन्द्रिय सदस्य अशोक यादव, यूवा नेता बिनोद यादव लगायतले पनि संबोधन गर्दै अदालतको निर्णयको स्वागत गर्दै प्रधानमन्त्री ओलीले नैतिकताको आधारमा अविलम्ब राजिनामा गर्नुपर्ने माग गरेका थिए ।

यसअघि बुधबार ससंद पुर्नवहाली भएको खुशियालीमा राजविराजमा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुले दिप प्रज्जवलन गरेका थिए ।

सर्वोच्च अदालतले मंगलबार प्रतिनिधिसभा विघटन गर्ने निर्णयलाई बदर गर्दै १३ दिनभित्र संसद अधिवेशन बोलाउन आदेश दिएको खुशीयालीमा दिप प्रज्जवलन गरिएको हो ।

राजविराजस्थित जनआन्दोलन चौक तथा गजेन्द्र चौकस्थित स्व. गजेन्द्र नारायण सिंहको शालिकमा दिप प्रज्जवलन गरिएको छ । सो अवसरमा नेकपा दाहाल नेपाल पक्षधरका सप्तरी अध्यक्ष उमेश कुमार यादव, जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, मजदुर नेता केदार देव, जसपका विद्यार्थी नेता शम्भु यादव लगायतका दर्जनौं नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गत पुस ५ गते संसद विघटन गरी वैशाख १७ र २७ गते निर्वाचन घोषणा गरेकी थिइन् । त्यसविरुद्ध १३ वटा रिट सर्वोच्चमा दर्ता भएका थिए ।

## लागु औषधसहित तीन पक्राउ

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका क्षेत्रबाट सशस्त्र प्रहरीले सोमबार तीन यूवकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा मोरङ पथरीका २३ वर्षिय निर्मल परियार, २२ वर्षिय करन लिम्बु र २५ वर्षिय करन तामाङ रहेको सशस्त्र प्रहरीले जनाएको छ । भारतबाट झोलामा लागुऔषध बोकेर पैदल आउँदै गरेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो ।

गाउँपालिकास्थित बेल्ही भन्सार कार्यालय सुरक्षार्थ खटिएको सशस्त्र टोलीले चेकजाचका क्रममा पक्राउ परेकाहरुको साथबाट प्रतिबन्धित लागुऔषध फेनारगन सुई १०, डाइपाम सुई १० र लेजेसिक सुई ११ थान बरामद गरेको सशस्त्र प्रहरी बल नं. ६ हेडक्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

## श्रोत नखुलेको १० लाखसहित दुई महिला पक्राउ

**राजविराज**/श्रोत नखुलेको १० लाख नेपाली रुँपैयासहित सशस्त्र प्रहरीले दुई महिलालाई पक्राउ गरेको छ ।

सीमावर्ती भारतीय बजारबाट आउँदै गरेकी सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ की ३८ वर्षिया कबिता दास र उनका छिमेकी २२ वर्षिया रिन्कु कुमारी दासलाई सो रकमसहित प्रहरीले पक्राउ गरेको जनाएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका क्षेत्रमा चेकजाँच गर्ने क्रममा मंगलबार खटिएको सशस्त्रका प्रहरीको टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

शंका लागेर चेकजाँच गर्दा उनीहरुको साथबाट श्रोत नखुलेको १० लाख रुँपैया बरामद भएको र दुबैलाई नियन्त्रणमा लिई आवश्यक कारवाही प्रक्रियाका लागि भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नं. ६ हेडक्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिए ।

## कारको ठक्करबाट मोटरसाइकलमा सवार एकको मृत्यु

**राजविराज**/पूर्वपश्चिम राजमार्गस्थित सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका २ चाँदनी चौक नजिकै कारको ठक्करबाट मोटरसाइकलमा सवार एकजनाको मृत्यु गएको छ । सो दुर्घटनामा दुई जना गम्भिर घाइते भएका छन् ।

पूर्वबाट पश्चिम जाँदै गरेको बा.१०च. २५२४ नम्बरको कारले विपरीत दिशाबाट आउँदै गरेको बा.२६प. २२६० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार उदयपुरको त्रियुगा नगरपालिका ६ बस्ने २२ वर्षिय विपिन चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ठक्करबाट टाउँकोमा गम्भिर चोट लागेका चौधरीलाई रायपुरस्थित युनिक अस्पतालमा प्रारम्भिक उपचारपछि बिराटनगरस्थित न्युरो अस्पताल लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

दुर्घटनामा गम्भिर घाइते भएका मोटरसाइकल सवार सिरहाको लहान नगरपालिका २० निवासी २५ वर्षिय प्रेम चौधरीको सोही अस्पतालमा तथा सुरुङ्गा नगरपालिका १ बस्ने अर्का घाइते ४५ वर्षिय प्रेम चौधरीको युनिक अस्पतालमा उपचार भइरहेको छ ।

## *हरेक नागरिकलाइ ...*

लोकसेवा, पञ्जीकरण जस्ता निकायले राष्ट्रिय परिचयपत्रको विवरण हेर्न सक्छन् तर, त्यसका लागि सम्बन्धित व्यक्तिले निवेदन तथा आफ्नो विवरणमा पहुँच राख्ने अनुमति भने दिएको हुनपर्छ ।

'यो आफूसँग भएको विवरण मिल्यो कि मिलेन भनेर सोध्ने संयन्त्र मात्रै हो । अन्यथा यो ब्ल्याक बक्स जस्तै हुन्छ,' ढकाल भन्छन् । राष्ट्रिय परिचयपत्रमा राखिएको आफ्नो विवरण कसैले हेरेको खण्डमा सम्बन्धित व्यक्ति स्वयमले अनलाइन मार्फत त्यसको जानकारी पाउन सक्छन् ।

कुनै व्यक्तिको विवरण राखेको खण्डमा त्यो मिल्यो कि मिलेन भनेर मात्रै राष्ट्रिय परिचयपत्रबाट भेरिफाई गराउन सकिने तर व्यक्तिका डाटा भने उपलब्ध नगराइने गरी सुरक्षा प्रबन्ध मिलाइएको छ । यसको मतलव राष्ट्रिय परिचयपत्रको रुपमा उपलब्ध गराइने कार्डकै आधारमा व्यक्तिको पहिचान गरी मोबाइलका सिम कार्ड बिक्री गर्न सकिनेछ । यस्तो अवस्थामा अर्काको नाममा सिमकार्ड निकाल्ने संभावना समेत रहनेछैन ।

राष्ट्रिय परिचयपत्रमा हुने तथ्याङ्कमा प्रहरीले समेत पहुँच पाउने छैन । कसैको फिंगरप्रिन्ट ल्याएर कुनै निश्चित व्यक्तिसँग मिल्यो कि मिलेन भनेर सोधेको अवस्थामा मात्रै त्यसको जवाफ दिन सकिने अन्यथा कसैको फिंगरप्रिन्ट ल्याएर कुन व्यक्तिको हो भनेर पहिचान गराउने काम नहुने ढकालको भनाई छ ।

यसबाट आफ्नो विवरण दुरुपयोग हुने संभावनाप्रति सचेत रहन सहज हुने मात्रै नभएर गोपनियताको हक सम्बन्धि कानूनअनुसार मुद्दा हाल्न समेत सकिनेछ । जसले गर्दा व्यक्तिगत गोपनियताको सुनिश्चितता गर्ने अपेक्षा गर्न सकिन्छ ।

**राष्ट्रियता रक्षामा समेत सघाउने अपेक्षा**

अहिले तराई तथा सीमा क्षेत्रमा गैर नागरिकले समेत नागरिकता लिइरहेको अवस्था छ । राष्ट्रिय परिचयपत्र कार्यान्वयनमा आएको अवस्थामा त्यस किसिमको जोखिम समेत कम हुने अपेक्षा लिइएको छ ।

'अहिले एउटै व्यक्तिले दुई ओटा नागरिकता लिँदा समेत राज्यलाई थाहै नहुने अवस्था छ,' निर्देशक ढकाल भन्छन्, 'यस किसिम ठगी तथा किर्तेको विषयमा समेत राज्यलाई तत्काल जानकारी हुन्छ ।'

राष्ट्रिय परिचयपत्रबाट राज्यलाई समेत जिम्मेवार र जवाफदेही बनाउने र राज्यप्रति जनविश्वास समेत बढ्ने अपेक्षा गरिएको छ । अहिलेको समयमा राज्यले सामाजिक सुरक्षा वापत दिने सेवा सविधामा समेत ठूलो मात्रामा घोटाला हुने गरेको छ । त्यसलाई समेत नियन्त्रण गर्न सकिने भएकाले वार्षिक रुपमा राज्यको अरबौं रुपैयाँ जोगाउने अपेक्षा गरिएको छ । *टेकपानाबाट*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# कोभिडबाट बच्न सरसफाइ सम्बन्धी जनचेतनामूलक सडक नाटक सम्पन्न



**राजविराज**/कोशी पीडित समाजको आयोजनामा स्वच्छताका लागि व्यवहार परिवर्तन अन्तरगत कोभिड रेस्पोन्स तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक सडक नाटक सम्पन्न भएको छ।

अक्सफाम नेपालको आर्थिक सहयोग तथा नेपाल सरकार, यूके एड, एचबिसीसी र युनिलिभरको समन्वयमा सो नाटक सप्तरीको तिरहुत गाउँपालिकास्थित गोइठी, कंचनरुप नगरपालिकाको बदगामा र बरमझियामा सो सडक नाटक प्रदर्शन गरिएको छ।

कोभिडबाट बच्नका लागि पूर्ण सरसफाई अन्तरगत विभिन्न प्रकोपबाट नियमित साबुन पानीले हात धुने, घरपरिवारको व्यवहार परिवर्तन गर्ने र लैगिङ्क विभेद न्युनिकरणका लागि नाटकमा अभिनयद्वारा प्रदर्शन गरिएको छ।

आउने दिनमा हरेक प्रकारका रोगबाट बच्नका लागि सरसफाई नै उत्तम विकल्प रहेको भन्ने विषयलाई नाटकमा मञ्चन गरिएको कोशी पीडित समाजका निर्देशक देवनारायण यादवले जानकारी दिए।

स्थानिय कलाकार एवं रेडियोकर्मी जिवछ दासको संयोजनमा प्रदर्शन गरिएको सो सडक नाटकमा डिपि शास्त्री, सुभाष विरपुरिया, दिलकान्त चौधरी, दशमी यादव, अस्मिता देव, देवकरण दास, श्रीराम ठाकुर र हरेराम दास लगायतका कलारहरुले अभिनय गरेका थिए।

# चैत ५ देखी एसपिएल हुने

**राजबिराज**/तेश्रो संस्करणको मेयर कप सप्तरी प्रिमियर लिग (एसपीएल) आगामी चैत ५ गतेदेखी राजविराजमा हुने भएको छ।

पाँच फ्रेन्चाइज् टिमहरुको सहभागीता रहने सो प्रतियोगिता राजविराज नगरपालिकाको सहयोग तथा सप्तरी क्रिकेट संघले आयोजन गर्दैछ।

सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठका अनुसार डिफेन्डिङ च्याम्पियन डाक्नेश्वरी ड्रागन, रुपनी राइडर्स, तिलाठी कोइलाडी, बोदेबर्साइन थन्डर्स र बजाज खडक वारियर्सको सहभागिता रहने छ।

यस पटक लिगमा राष्ट्रिय खेलाडीहरुको संख्या बढ्ने बताउदै अध्यक्ष श्रेष्ठले एउटा टिमले अन्तिम ११ मा ५ जना जिल्ला बाहिरका खेलाडीहरु समाबेश गर्न पाउने प्रावधान रहने जानकारी दिए।

अध्यक्ष श्रेष्ठका अनुसार यस पटकको प्रतियोगिताका लागि टिकटको व्यवस्था रहेको तथा ती खेलहरु स्थानिय राजरंगशालामा खेलाइने जानकारी दिए। यसअघि प्रतियोगिता पबि स्कुलको खेल मैदानमा आयोजना हुँदै आएको थियो।

प्रतियोगिताको विजेता टिमले ३ लाख राशी पुरस्कार पाउने तथा अन्य पुरस्कारको रकममा समेत वृद्धि गरिने उनको भनाई छ। यसअघि बिजेता टिमका लागि १ लाख पुरस्कार राखिएको थियो।

लिगको अघिल्लो संस्करण अन्तर्राष्ट्रिय खेलाडी महबुब आलमसहित राष्ट्रिय क्रिकेटरहरु सुनिल धमला, मन्जित श्रेष्ठ, राजेश पुलामी, नन्दन यादव, प्रेम तामाङ, हसिम अन्सारी, पुष्प थापा, अविनाश कर्ण, हरिशंकर शाह जस्ता राष्ट्रिय खेलाडीहरु लिगमा बिभिन्न टिममा आवद्ध रहेका थिए।

सप्तरी प्रिमियर लिगको पुरुष संस्करण पछि महिलाहरुको पनि लिग लगत्तै आयोजना हुने सप्तरी क्रिकेट संघका सचिव चन्दन यादवले जानकारी दिए।

# फागुन २९ देखी भारोत्तोलन हुने

**राजविराज**/आगामी फागुन २९ देखी स्व. देवसुन्दर स्मृती प्रथम राष्ट्रिय भारोत्तोलन प्रतियोगिता राजविराजमा सुरु हुने भएको छ।

भारोत्तोलन संघ सप्तरीका अध्यक्ष महेश प्रसाद यादवको अध्यक्षतमा बिहीबार सम्पन्न बैठकले सो निर्णय गर्दै विभिन्न उपसमितिहरु गठन गरेको जानकारी दिएको छ।

सप्तरीका पुराना भारोत्तोलन खेलाडी एवं रेफ्रि राजविराज ९ निवासी स्व. देवसुन्दर यादवको स्मृती एवं सम्मानमा सो प्रतियोगिता आयोजना हुन लागेको उनले बताए।

अध्यक्ष यादवले प्रतियोगितामा सातवटै प्रदेशका साथै सेना, सशस्त्र र नेपाल प्रहरीका गरि ३ वटै विभागिय टिमसमेतका १ सय ४० महिला तथा पुरुष खेलाडीको सहभागिता रहने बताए।

प्रतियोगिता सम्पन्न गर्न बिहीबारै प्रचार प्रसार, खेलाडी तथा अतिथि व्यवस्थापन, स्वागत लगायतका विभिन्न उपसमिति समेत गठन गरिएको संघका सचिव गोपाल प्रसाद गुप्ताले जानकारी दिए। सप्तरीका चर्चित खेलाडी ५० वर्षिय यादवको २०७६ कार्त्तिक १४ गते निधन भएको थियो।

# सात महिनामा ८३ सवारी दुर्घटना, ४८ को ज्यान गयो

**राजविराज**/सप्तरी जिल्लामा चालु आर्थिक वर्षको साउनदेखी माघसम्म सात महिनाको अवधीमा ४ सय ८३ सवारी दुर्घटना हुँदा ४८ जनाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा चालक र सवारीधनी समेतको उपस्थितिमा आयोजना गरिएको सचेतना कार्यक्रममा सो जानकारी दिइएको हो।

बढ्दै गएको सवारी दुर्घटना न्युनिकरण गर्ने उद्देश्यले मंगलबार आयोजित कार्यक्रममा डिएसपी भुवनेश्वर प्रसाद साहले प्रदेश २ को ८ वटै जिल्ला मध्ये सप्तरीमा बढी सवारी दुर्घटना भएको जानकारी समेत दिए।

उनले सवारी चालकहरुको लापरवाहीका कारणले बढी दुर्घटना हुने गरेको जानकारी दिदै सात महिनाको अवधीमा सवारी दुर्घटनामा परि ६ सय २४ सवारीसाधनमा क्षति तथा ६ सय ३० जना घाइते समेत भएको बताए।

सोमबार र मंगलबार दुई दिनमा गरि सवारी दर्ता किताब, नम्बर प्लेट, सवारी चालक अनुमती पत्र, सवारीको बिमा, आवश्यक कागजपत्रहरु नपाईएका ३५ वटा ट्याक्टरलाई नियन्त्रणमा लिएको जनाउँदै नियन्त्रणमा लिइएका ट्याक्टर र चालकलाई ५ सयदेखी २ हजारसम्म जरिवाना समेत गराइएको उनले बताए।


हार्दिक बधाई एवं शुभकामना



राजबिराज नगरपालिका वडा नं. २ निवासी तथा जिल्ला कारागार कार्यालयका खरिदार मित्र सन्दिप कुमार देवसँग सोही वडा निवासी पुजा देव फागुन ९ गते बैवाहिक सम्बन्धमा बाँधिनु भएकोमा हार्दिक बाधाईका साथ उहाँहरुको सफल दाम्पत्य जीवनको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

चन्दन कुमार यादव
सहसचिव
नेपाल पत्रकार महासंघ सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## खसोग्जीको हत्यामा साउदी युवराजको स्विकृति रहेको अमेरिकी अध्ययनको दाबी

**वासिङ्टन**/पत्रकार जमाल खासोग्जीको हत्या वा पक्राउकालागि साउदी अरबका युवराज मोहम्मद बिन सलामको स्विकृति रहेको प्रतिवेदन सार्वजनिक भएको छ।

अमेरिकी प्रशासनले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनमा युवराज सलामले खसोग्जीको हत्याका लागि समर्थन गरेको दाबी गरिए पनि साउदी अरबका अधिकारीले भने त्यसको खण्डन गरेका छन्।

सन् २०१८ माहत्यागरिएका ५९ वर्षीय पत्रकार खसोग्जी कुनैबेला साउदी सरकारका सल्लाहकार हुनुहुन्थ्यो। पछि उनीहरुसँग टाढिएर अमेरिका बस्दै आउनु भएको थियो।

स्व-निर्वासनमा सन् २०१७ मा अमेरिका पुगेका खसोग्जीको हत्या भने टर्कीमा भएको हो। टर्कीको राजधानी इस्तानबुलमा रहेको कन्सुलेटमै उहाँको हत्या भएको थियो भने शरीर टुक्राटुक्रा पारिएको थियो।

अमेरिकामा रहेका बेलाउहाँले वासिङ्टन पोष्टमा साउदी अरब र त्यहाँका राजपरिवारको बारेमा आलोचनात्मक लेख लेख्दै आउनुभएको थियो। मासिक स्तम्भमा उहाँले युवराज मोहम्मदको नीतिको पनि आलोचना गर्ने गर्नुभएको थियो।

अमेरिकी गुप्तचर निकायको प्रतिवेदनमा साउदी युवराज सलमानले इस्तानबुलमा साउदी पत्रकार खसोग्जीलाई पक्राउ गर्ने वा हत्यागर्ने योजनालाई स्विकृति दिनुभएको दाबी गरिएको छ।

खसोग्जीको हत्यामा युवराजको हात रहेको दाबी यसअघि पनि अमेरिकी अधिकारीले गर्दै आएका थिए। साउदी अरबमा नेतृत्वदायी भूमिकामा रहेका युवराज मोहम्मदले भने यसअघि पनिती आरोपको खण्डन गर्दै खसोग्जी हत्यामा आफ्नो कुनै पनि हात नरहेको दाबी गर्दै आउनुभएको थियो।

विश्वकै सबैभन्दा ठूलो तेल निर्यातकर्ता साउदी अरब मध्यपूर्वमा अमेरिकाको प्रमुख समर्थक मुलुक भएपनि यो घटनाले सम्वन्धमा असर पर्ने देखिएको छ।

अमेरिकीमा नयाँ राष्ट्रपति जो बाइडेनको आगमनसँगै अमेरिका र अन्य देशको सम्वन्ध कस्तो होलाभन्ने उत्सुकता जागिरहेका बेला सार्वजनिक भएको यो प्रतिवेदनले केही समय तरंग फैलाउने देखिएको छ। एजेन्सी

## अमेरिकी गुप्तचर निकाय प्रतिवेदन सार्वजनिक

**वसिङटन**/साउदी अरेबियाका पत्रकार जमाल खाशोग्गीको हत्याको विषयमा अमेरिकी एक गुप्तचर निकायले शुक्रबार प्रतिवेदन सार्वजनिक गरेको छ।

यहाँको अनुसन्धानबाट तयार भएको सो प्रतिवेदनमा सो हत्यामा साउदी अरेबियाका राजकुमारको हात रहेको भनी आरोप लगाइएको छ।

गत बिहीबार खशोग्गी हत्याको अनुसन्धान रिपोर्ट सार्वजनिक गर्न सक्ने बताइएको थियो र शुक्रबार सो अनुसन्धान रिपोर्ट अमेरिकामा सार्वजनिक गरिएको बताइएको छ।

उक्त रिपोर्ट तयार पार्न अमेरिकी गुप्तचर विभाग सीआइएले मुख्य भूमिका निर्वाह गरेको बताइएको छ। उसले गरेको अनुसन्धानका आधारमा यो रिपोर्ट सार्वजनिक गरेको हो।

उक्त रिपोर्टमा साउदी अरेबियाका युवराज मोहम्मद विन सलमानलाई हत्याको योजनामा संलग्न रहेको भनेर ठहऱ्याइएको समाचारमा जनाइएको छ।

साउदी अरबका कट्टर आलोचक मानिने खाशोग्गी एक चर्चित पत्रकार तथा लेखक हुनुहुन्थ्यो। उहाँ 'अल अरब' न्यूज च्यानलका पूर्वप्रधान सम्पादकसमेत हुनुहुन्थ्यो भने वासिङटन पोष्टका स्तम्भकार भएर पनि काम गर्नुभएको थियो।

खाशोग्गी साउदी अरेबियाको एक आलोचक भएपछि उहाँ सन् २०१७ को सेप्टेम्बरमा साउदी अरेबियाबाट भागेर अमेरिका पुग्नुभएको थियो।

उहाँले देशबाहिर बसेर पनि साउदी अरेबिया सरकार र युवराज सलमानको आलोचना गर्दै समाचार तथा लेखहरु लेख्दै आएका बताइएको थियो।

पछिल्लो समय वासिङटन पोस्टमा नियमितस्तम्भ लेख्दै आउनुभएका उहाँको हत्याको हत्या सन् २०१८ मा टर्कीको स्तानबुलमा भएको थियो।

सन् २०१८ को अक्टोबरमा टर्कीको राजधानी स्तानबुलमा रहेको साउदी अरेबियाको दूतावासमा उहाँको हत्या भएको थियो। उहाँ टर्कीका एक महिलासँग विवाह गर्ने तयारीमा रहनुभएको बताइएको थियो।

उहाँको हत्यापछि त्यहाँ कार्यरत आठ जनाभन्दा बढी टर्की र साउदी अरेबियाका कर्मचारीलाई पक्राउ गरी कारबाही थालिएको छ। साउदी अरेबियाको अदालतले ती पत्रकारको हत्यामा संलग्न रहेको आधारमा पक्राउ गरिएको भनिएका आठ जनामध्ये पाँच जनालाई २० वर्षको जेल सजायँ सुनाएको छ।

त्यसैगरी अरु तीन जनालाई सात देखि १० वर्षसम्मको जेल सजायँ सुनाइएको थियो। गत सेप्टेम्बरमा उनीहरु विरुद्ध सो कारबाही सुनाइएको अधिकारीले जानकारी दिएका छन्।

उता शुक्रबार सार्वजनिक भएको यो रिपोर्टको साउदी अरेबियाले भने अस्वीकार गर्दै आएको छ। साउदी अरेबियाले आफ्ना राजकुमार सो हत्यामा सङ्लग्न भएको भनी दिएको रिपोर्टमा कुनै सत्यता नरहेको बताएको छ। एजेन्सी

# पार्टीलाई मजबुत बनाउँदै सबैलाई अघि बढ्न आग्रह



**राजविराज** / नेपाली कांग्रेसका सप्तरी सभापति दिनेश कुमार यादवले पार्टीलाई मजबुत बनाउँदै सबैलाई अघि बढ्न आग्रह गरेका छन् ।

कंचनरुप नगरपालिकाको वडा नं. १२ मा शनिबार नेपाली कांग्रेसको पार्टी कार्यालय उद्घाटन गर्दै सभापति यादवले जिल्लालाई कांग्रेसमय बनाउन सबैलाई एकजुट हुनुपर्ने बताउँदै संगठन सुदृढिकरणमा जुट्न आह्वान समेत गरे ।

उनले सर्वोच्च अदालतले गरेको निर्णय सम्मानयोग्य रहेको बताउँदै यस निर्णयले देशलाई बचाउने काम गरेको बताउँदै अहिलेको अवस्थामा सबै काँग्रेसीहरु एकजुट हुनुको विकल्प नरहेको उल्लेख गरे ।

कार्यक्रममा पूर्व मन्त्री एवं पार्टीका केन्द्रीय सदस्य हेमराज तातेडले सर्वोच्च अदालतले प्रतिनिधी सभा पुर्नस्थापना गर्ने निर्णय गरेर देशलाई ठूलो दुर्घटनाबाट बचाएको बताए ।

नेपाली कांग्रेस वडा न्म्बर १२ का अध्यक्ष राजन निरौलाको अध्यक्षतामा भएको पार्टी कार्यालय उद्घाटन कार्यक्रममा नेता सुबोध पोखरेल, भगवती यादव, क्षेत्रिय सह सभापति ललन गुप्ता, क्षेत्रिय सचिव कृष्ण ढकाल, कांग्रेसका कंचनरुप नगरपालिकाका सभापति बोधराज पोखरेल, कंचनरुप नगरपालिकाकी उप प्रमुख निरु पोखरेलसहितकाले मन्तव्य व्यक्त गरेका थिए ।

## जमेको पानीमा डुबेर बालकको मृत्यु

**राजविराज** / सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिकामा गत आइतबार एक अढाई वर्षिय बालकको पानी जमेको खाल्डोमा डुबेर मृत्यु भएको छ ।

सो नगरपालिका १ भारदहस्थित मामाको विवाहमा आएका सुपौल निवासी गिदरमारी ग्राम पञ्चायत गिदार मारी बस्ने बिनोद मेहताका अढाई वर्षिय छोरा राजेश मेहता मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

स्थानिय महेन्द्र मेहताका नाति राजेश घरमा कोही नभएको बेला खेल्ने क्रममा घर पछाडी रहेको धाराको पानी जम्ने खाल्डोमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

# सिटभन्दा तेब्बर आवेदन परेपछि परीक्षा



**राजविराज** / राजविराजस्थित क्षितिज कलेजमा भर्नाका लागि तोकिएको कोटाभन्दा तेब्बर आवेदन परेपछि कलेज प्रशासनले परीक्षा प्रणाली अपनाएर समाधानको प्रयास गरेको छ ।

व्यवस्थापन संकाय ( बीबीए) तर्फ ४० जना विद्यार्थीको कोटा मात्र रहेकोमा १ सय ३० जनाले आवेदन दिएपछि कलेजले परीक्षा प्रणाली अपनाएर समाधानको प्रयास गरेको हो ।

यसका लागि कलेजले शनिवार परीक्षा लिएको छ । परीक्षा लिएर छनौट गर्नुको विकल्प थिएन, प्रिन्सिपल गोपाल दासले भने 'विद्यार्थीको बढ्दो चापलाई ध्यानमा राख्दै आगामी दिनमा सिट संख्या बढाउन अनुमतिका लागि सम्बन्धित निकायमा पहल शुरु गरिसकेका छौ ।

विगत १० वर्षदेखि सञ्चालनमा रहेको सो कलेजले उत्कृष्ट नतिजा दिन थालेपछि यसतर्फ विद्यार्थीको आकर्षण बढेको स्थानीय अभिभावकहरुको भनाई छ ।

### *रहेनन् कुबेर ...*

अलग भई आफ्नै अध्यक्षतमा नेपाल हरियाली पार्टी निर्माण गरेका थिए । २०६४ सालको संविधानसभा निर्वाचनमा सो पाटीले भाग लिएको थियो ।

स्व. शर्मा नेपालको पहिलो चार्टड एकाउण्टेन्ट र बिमा संस्थाको संस्थापक हुन् । सन् १९३७ जुन १९ मा सप्तरीको नर्घोमा जन्मेका शर्माका श्रीमती र तीन छोरी छन् ।

## अवैध चाँदीसहित एक भारतीय पक्राउ

**राजविराज** / सशस्त्र प्रहरीले अवैध चाँदीसहित सोमबार राती एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ बेल्ही क्षेत्रबाट प्रहरीले भारत बिहार राज्यको मधुवनी जिल्ला भरफौरी ग्रामपंचायत निवासी २६ वर्षिय जोसिम आलमलाई पक्राउ गरेको हो ।

भारतबाट चाँदी बोकेर पैदल आउँदै गरेको अवस्थामा प्रहरीले टोलीले चेकजाचका क्रममा आलमको साथबाट एक किलो ३९ ग्राम चाँदीको बिस्कुट फेला पारेको सशस्त्र प्रहरी उपरिक्षक श्रेष्ठले जानकारी दिएका छन् ।

पक्राउ परेका आलमलाई आवश्यक कारवाहीका लागि बेल्हीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको प्रहरी उपरिक्षक श्रेष्ठले बताए ।


**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**



**सूचना**

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी**

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*